प्रमाणित

आज मिति २०८०।१२।०६ गते मंगलवार दिनको ११:३० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

क्र.सं.	पदाधिकारीको नाम थर	पद	दस्तखत
१	श्री महेन्द्र महतो	नगर प्रमुख	
२	श्री सुनिता सिंह बुढाथोकी	उप-प्रमुख	
३	श्री जोगी महतो	वडा अध्यक्ष वडा नं. १	
४	श्री विहारी महतो कोइरी	वडा अध्यक्ष वडा नं. २	
५	श्री राम एकबाल महतो	वडा अध्यक्ष वडा नं. ३	
६	श्री चन्द्र वहादुर बुलन तामाङ्ग	वडा अध्यक्ष वडा नं. ४	
७	श्री रामचन्द्र महतो	वडा अध्यक्ष वडा नं. ५	
८	श्री नन्द किशोर यादव	वडा अध्यक्ष वडा नं. ६	
९	श्री राम बहादुर स्याङ्गदन	वडा अध्यक्ष वडा नं. ७	
१०	श्री बिरेन्द्र महतो	वडा अध्यक्ष वडा नं. ८	
११	श्री दीपक जंग थापा	वडा अध्यक्ष वडा नं. ९	
१२	श्री सविन विक्रम थापा	वडा अध्यक्ष वडा नं. १०	
१३	श्री बेद वहादुर कार्की	वडा अध्यक्ष वडा नं. ११	
१४	श्री अन्जु श्रेष्ठ	कार्यपालिका सदस्य	
१५	श्री मिना पर्जियार	कार्यपालिका सदस्य	
१६	श्री नगिना खातुन	कार्यपालिका सदस्य	नगिना
१७	श्री कौशिल्या देवी	कार्यपालिका सदस्य	कौसिला
१८	श्री इन्द्र कला कुमारी	कार्यपालिका सदस्य	इन्द्रकला
१९	श्री महेन्द्र राउत	कार्यपालिका सदस्य	महेन्द्र
२०	श्री विशेश्वर साह हलुवाई	कार्यपालिका सदस्य	
२१	श्री सर्मिला सुनवार	कार्यपालिका सदस्य	
२२	श्री अशोक कुमार भण्डारी	प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव)	

मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०८०।१२।०६

बैठकका प्रस्तावहरु:

१.१३औं नगर सभा (हिउँदे अधिवेशन) संचलान सम्बन्धमा ।

२. ढुंगा, बालुवा, गिट्टी, ग्राभेलतथानदीजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण सम्बन्धमा ।

३. विविध ।

बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मिथिला नगरपालिकाको १३औं नगर सभा (हिउँदे अधिवेशन) मिति २०८० साल फाल्गुन २७ गते आइतवार विहान ११:०० वजे संचालन गर्ने भनी निर्णय भएकोमा प्राविधिक कारण मिति २०८० साल चैत्र२६ गते सोमवार विहान ११:०० वजे मिथिला नगरपालिकाको कार्यालयमासंचालनगर्ने निर्णय गरियो।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा ढुंगा, बालुवा, गिट्टी, ग्राभेलतथानदीजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण सम्बन्धमामिथिला नगरपालिका क्षेत्रभित्र पर्ने नदि/खोलाहरुबाट उत्खन्न गरी निजी, सरकारी, सार्वजानिक, पर्ती, ऐलानी जग्गामा राखिएको वालुवा, गिट्टी, ढुंगा, ग्राभेल र माटो लगायतको नदिजन्य पदार्थहरुको घाटगद्दीलाई Stock नापजाँच गर्न गठित समितिले पेश गरेको प्रतिवेदन अनुसारको गैर कानूनी तथा अवैध रुपमा रहेका Stock हरु जफत गरी लिलाम गर्ने निर्णय गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा ढुंगा, बालुवा, गिट्टी, ग्राभेलतथानदीजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण सम्बन्धमामिथिला नगरपालिका क्षेत्रभित्र पर्ने नदि/खोलाहरुबाट उत्खन्न गरी निजी, सरकारी, सार्वजानिक, पर्ती, ऐलानी जग्गामा राखिएको वालुवा, गिट्टी, ढुंगा, ग्राभेल र माटो लगायतको नदिजन्य पदार्थहरुको घाटगद्दीलाई Stock नापजाँच गर्न गठित समितिले पेश गरेको प्रतिवेदन वाहेका गैर कानूनी तथा अवैध रुपमा रहेका Stock हरुको ७(सात) दिन भित्र पहिचान गरी जफत एवम् लिलामी प्रकिया अगाडी वढाउन श्री राम चन्द्र महतोज्यू संयोजगत्वमा तपसिल वमोजिमको Stock नापजाँच समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा अध्यक्ष श्री राम चन्द्र महतो - संयोजक
२. ईन्जिनियर श्री जय गणेश सिंह - सदस्य
३. सव-ईन्जिनियर श्री संजय कुमार महतो - सदस्य
४. सहायक चौथों श्री राम कृष्ण शर्मा - सदस्य
५. सहायक चौथों श्री जोगेन्द्र महतो - सदस्य सचिव

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका विभिन्न खोला/नदीहरुको प्ररामर्श दाता श्री आर.एस.एस.इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. कमलामाई- ६ सिन्धुलीबाट तयार भएको IEE प्रतिवेदन स्वीकृत गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो । साथै ठेक्का बन्दोबस्त नहुनजेलसम्मको लागि नगरपालिकाद्वारा अमानतमा मिथिला नगरपालिकाको आर्थिक ऐन, २०८० मा व्यवस्था भए वमोजिमको ढुंगा, बालुवा, गिट्टी, ग्राभेलतथानदीजन्य पदार्थको शुल्क तथा दस्तुर लिई निकासी कर संकलन गर्ने निर्णय गरियो।

निर्णय नं.५) प्रस्ताव नं. ५ मा छलफल गर्दा मिथिला नगरपालिका प्रधानाध्यापक (प्र.अ.) व्यवस्थापन कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मिथिला नगरपालिका न्यायिक समिति कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा राजर्षि जनक विश्वविद्यालय, जकपुरधामबाट जग्गा माग भएकोमा मिथिला नगरपालिका क्षेत्र भित्र जग्गा पहिचान गर्नका लागि देहायका अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. वडा अध्यक्ष श्री राम बहादुर स्याङ्गदान - संयोजक
२. वडा अध्यक्ष श्री सविन विक्रम थापा - सदस्य
३. वडा अध्यक्ष श्री राम एकवाल महतो - सदस्य
४. वडा अध्यक्ष श्री चन्द्र बहादुर वुलन तामाङ्ग - सदस्य
५.कार्यपालिका सदस्य श्री कौशिल्या देवी - सदस्य
६.अमिन श्री वचन कुमार यादव - सदस्य
७. प्राविधिक सहायक श्री मनोज कुमार महतो- सदस्य सचिव

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा जनता माध्यमिक विद्यालय, हरिहरपुरबाट आर्थिक सहयोग माग भएकोमा नगर स्तरिय नगर शिक्षा कोषबाट रु.५०,०००/००(पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा जनता माध्यमिक विद्यालय, जनक्टाझिजबाट राष्ट्रपति रनिङ्ग कार्यक्रम संचालनमा अपुग रकम आर्थिक सहयोग माग भएकोमा नगर स्तरिय नगर शिक्षा कोषबाट रु.५०,०००/००(पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दावडा नं ७को कार्यालयबाटमैया कामीलेआर्थिक सहयोग माग भएकोमाकार्यालयको कामकाजमा लगाई वडा कार्यालयको सिफारिस पत्र तथा डोरहाजिर अनुसारको रकम नगर स्तरिय अन्य समाजिक सहायता कोषबाट रु१,००,०००/००(एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।